# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, वैशाख १६ गते २०५६ साल (संख्या ३

## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले सर्वोच्च अदालतका सह-रजिष्ट्रार श्री निर्मलकुमार ढुङ्गानालाई श्रम ऐन, २०४८ को दफा ७२ बमोजिम गठन भएको श्रम अदालतको मुद्दा हेर्ने अधिकारीमा तोकेको छ ।

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

श्री ५ को सरकारले सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड २७ संख्या १२, मिति २०३४ साल असार २० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालीन निर्माण तथा यातायात मन्त्रालयको सूचना बमोजिम सिद्धार्थ राजमार्ग (सुनौली पोखरा) को सडक सीमा केन्द्र रेखाबाट दायाँ बायाँ दुवैतर्फ २५।२५ मिटर तोकिएकोमा सो राजमार्ग १७८+१५० कि.मी. देखि १८०+००० कि.मी. (छोरेपाटन देखि बिरौटा) सम्मको सडक सीमा केन्द्र रेखाबाट दायाँ-बायाँ दुवैतर्फ १५।१५ मिटर कायम गरिएको छ।

आज्ञाले,
विनेशचन्द्र प्याकुर्याल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको २०५८ साल चैत्र १९ को निर्णयानुसार मुख्य सचिव पदमा गृह मन्त्रालयका सचिव श्री केशवराज राजभण्डारीलाई बढुवा गरिएको छ ।

आज्ञाले,
शशिकान्त मैनाली
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।